"स्थानीय तहको सञ्चार सारथी"

# पालिका सन्देश

साप्ताहिक

।। वर्ष : ३ ।। अंक : ३१ ।। ।। २०८२ चैत १८ बुधबार ।। 1 April 2026, Wednesday ।। पृष्ठ : ६ ।। मूल्य : रु. १०/- ।। www.palikasandesh.com

## ज्येष्ठ नागरिकलाई घरदैलोमै आधारभूत स्वास्थ्य परीक्षण

**बुद्धशान्ति (पालिका सन्देश) ।** बुद्धशान्ति गाउँपालिकाको वडा नम्बर-६ को आधारभूत स्वास्थ्य सेवा केन्द्रले ज्येष्ठ नागरिकका लागि घरदैलोमै आधारभूत स्वास्थ्य परीक्षण तथा आवश्यक परामर्श, सरसल्लाह दिँदै आएको छ ।

घरगाउँमै स्वास्थ्य परीक्षणका साथै परामर्श पाइने भएकाले ज्येष्ठ नागरिक सो दिन पर्खिरहेका हुन्छन् । वडा नं. ६ आधारभूत स्वास्थ्य सेवा केन्दका इन्चार्ज अर्जुन कुइँकेलका अनुसार कार्यालय समयलाई व्यवस्थापन गर्दै वडाका ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा अति



अशक्तलाई घरमै गएर परामर्श दिनुका साथै सेवा दिने गरिएको बताएका छन् ।

उनका अनुसार ज्येष्ठ नागरिकलाई घरमै सुगर, प्रेसर जाँच गर्ने, सल्लाह दिने र सामान्य औधधि उपचार गर्दै गरिँदै आएको छ । सामान्य परामर्श तथा उपचार गर्न अस्पताल वा आधारभूत स्वास्थ्य सेवा केन्द्र समेत आउन नसक्ने पाका उमेरका आमाबुबा तथा अपाङ्गता भएका तथा अति अशक्तलाई स्वास्थ्य सेवा दिनु मुल उद्देश्य लिएर उहाँहरूकै घरदैलोमा स्वास्थ्य सेवा दिइरहेको इन्चार्ज कुइँकेलले बताएका छन् ।

## झापाका तीन पालिकाले सुरु गरे मालपोतको काम

**बुद्धशान्ति (पालिका सन्देश) ।** पन्ध्रवटा स्थानीय तह रहेको झापामा तीनवटा स्थानीय तहले मालपोत कार्यालयको सेवा स्थानीय तहबाटै सुरु गरेका छन् । जिल्लाको कनकाई, अर्जुनधारा र मेचीनगर नगरपालिकाले मालपोतसम्बन्धी प्रारम्भिक सेवा सुरु गरेका हुन् ।

भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापाले जिल्लाको १० वटा स्थानीय तह हेर्दै आएको थियो । अब छिट्टै अन्य पाँचवटा पालिकामा सेवा विस्तार गरिने भूमिसुधार तथा मालपोत कार्यालय झापाले जनाएको छ । जग्गाधनी, ऋणी, रोक्का गर्ने निकायको उपस्थितिलाई मालपोतसम्मै आएर गर्नुपर्ने बाध्यतचको अन्त्यका लागि माघको दोस्रो हप्ताबाट स्थानीय तहबाटै मालपोत सम्बन्धी सेवा सुरु गरिएको भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापाका सुचना अधिकारी मोहनसिंह दर्जीले जानकारी दिए ।

भूमिव्यस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले यो अभ्यास स्थानीय सरकारको अधिकार कार्यान्वयनतर्फको महत्वपूर्ण उपलब्धी भएको उल्लेख गरेको छ । यस सेवाबाट सेवाग्राहीलाई सहजता हुने, समय र खर्चको बचत हुनुका साथै मालपोत सेवामा देखिँदै आएको समस्यामा कमी आउने विश्वास व्यक्त गरिएको छ । यो पहललाई संविधान २०७२ ले सुनिश्चित गरेको स्थानीय तहको अधिकार व्यवहारमा उतार्ने ऐतिहासिक कदमका रूपमा हेरिएको छ । यसले सेवा प्रवाहमा सुशासन, पारदर्शिता र जवाफदेहितालाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ ।

## भोलिदेखि एसईई, झापासहित कोशी प्रदेशका ८० हजारबढी विद्यार्थीले परीक्षा दिँदै

**बुद्धशान्ति (पालिका सन्देश) ।** भोलिदेखि हुने यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) को सम्पूर्ण तयारी पुरा भइसकेको शिक्षा विकास निर्देशनालय धनकुटाले जनाएको छ । झापासहित १४ जिल्ला रहेको कोशी प्रदेशमा ८० हजार ९ सय १० जना परीक्षार्थी सहभागी हुने भएका छन् ।

भोलिदेखि सुरु भई चैत २९ सम्म सञ्चालन हुने परीक्षामा कोशी प्रदेशका १४ जिल्लामध्ये सबैभन्दा बढी मोरङबाट १८ हजार १ सय ३५ र सबैभन्दा कम तेह्रथुमबाट १ हजार ५ सय ४५ परीक्षार्थी छन् । झापाबाट १७ हजार ४ सय ८४, सुनसरी १३ हजार ९ सय ७८, उदयपुरबाट ५ हजार ७ सय १० र इलामबाट ३ हजार ८ सय २६ परीक्षार्थी छन् । यस्तै, भोजपुरबाट २ हजार ८ सय ८९, पाँचथर र संखुवासभाबाट समान २ हजार ८ सय ४९, धनकुटाबाट २ हजार ६ सय ३६, ओखलढुंगाबाट २ हजार २ सय १५ खोटाङबाट २ हजार ८ सय ५७, ताप्लेजुङ २ हजार ९ तथा सोलुखुम्बुबाट १ हजार ६ सय ३६ परीक्षार्थी सामेल हुने जनाइएको छ ।

अनुगमन, सुपरिवेक्षण तथा उत्तरपुस्तिका लगायतको तयारी पूरा भएको शिक्षा विकास निर्देशनालयका निर्देशक कृष्णप्रसाद पोखरेलले बताएका

### १२ हजार ३ सय बढी जनशक्ति परिचालन

एसईई सञ्चालन गर्न प्रदेशभरी १२ हजार ३ सय ४९ जनशक्ति परिचालन गरिने भएको छ । प्रदेशमा ३ सय ३२ परीक्षा केन्द्र कायम



छन् । परीक्षा सञ्चालनका लागि निर्देशानालयमार्फत ५ करोड ४० लाख बजेट विनियोजन भएको निर्देशक पोखरेलले जानकारी दिए । 'परीक्षाको सम्पूर्ण तयारी पूरा भएको छ,' उनले भने, 'परीक्षालाई मर्यादित बनाउन हामी सक्रिय रूपमा लाग्ने छौं ।' परीक्षामा प्राबिधिकधार र साधारण गरी दुई प्रकारका विद्यार्थी सामेल रहने छन् । प्राविधिक धारतर्फ ३ हजार १ सय ५८ परीक्षार्थी रहेका छन् ।

गरिएको छ । जसमा ३ सय ३२ केन्द्राध्यक्ष र ५ सय ४६ सहायक केन्द्राध्यक्ष रहेका छन् । ४ हजार ६३ जना निरीक्षक, ८ सय १३ परीक्षा सहायकसहित ७ हजार ३ सय ६९ संख्या खटिने निर्देशक पोखरेलले बताए । सबै परीक्षा केन्द्रमा उत्तर पुस्तिका पुगिसकेको छ भने तयारीको लागि ओरिन्टेशन लगायतका कार्य सम्पन्न भइसकेको जनाइएको छ ।

## चैते धानको समर्थन मूल्य सिफारिस

**बुद्धशान्ति ।** कृषि विभागले चैते धानको समर्थन मूल्य सिफारिस गरेको छ । विभागले किसानलाई उचित मूल्य सुनिश्चित गर्न विभिन्न २५ जिल्लामा स्थलगत अध्ययनसहितको प्रतिवेदन कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाएको हो ।

धानको उत्पादनमा लाग्ने खर्च तथा बीउ, मल, श्रम, मुद्रास्फीति, बजार मूल्य, उत्पादन लागतको विश्लेषण गरिएको प्रतिवेदनमा मूल्य तोक्नका लागि सिफारिस गरिएको विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिए ।

विभागको टोलीले स्थलगत अध्ययन गरेपछि उत्पादन लागत, ढुवानी खर्च, बजार मूल्य तथा अन्य सान्दर्भिक आधार समेटेर वैज्ञानिक मूल्यको प्रस्ताव प्राप्त भएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी

*बाँकी पृष्ठ ६ मा...*

## सहकारी दिवसको शुभकामना सहित सादर निमन्त्रणा

**नेपालको सहकारी अभियान चितवन जिल्लामा वि.सं.२०१३ चैत २० गते स्थापना भएको बखान सहकारीको स्मरण सहित हरेक वर्ष मनाउँदै आएको सहकारी दिवस यस वर्ष पनि "उद्यमशिलता र पारदर्शिताः सहकारीको प्राथमिकता" भन्ने मुल नाराका साथमा ६९ औँ राष्ट्रिय सहकारी दिवस झापा सहित देशभर विभिन्न कार्यक्रम गर्दै मनाइने भएको छ ।**

**यसै सन्दर्भको अवसर पारेर 'समृद्धिका लागि समुदाय सँगसँगै' भन्ने मुल नाराका साथमा स्थापित भएको झिलमिले बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड बुद्धशान्ति–३ झापाले नयाँ वर्ष २०८३ को भित्तेपात्रो विमोचनसँगै संस्थाको कार्यालय समुद्घाटन गर्ने कार्यक्रम तय गरिएको हुनाले सम्पूर्ण शेयर सदस्य महानुभाव, शुभचिन्तक, शुभेच्छुक तथा सम्पूर्ण सहकारी अभियान्ताहरुमा उपस्थितिका लागि सादर निमन्त्रणा गर्दछौं ।**

**मिति :** २०८२ चैत २० गते शुक्रबार ।
**समय :** बिहान ठीक ८:०० बजे ।
**स्थान :** झिलमिले बहुउद्देश्यीय सहकारी संस्थाको कार्यालय, बुद्धशान्ति–३, झापा
साना किसान सहकारीको उत्तर, ज्योति बोर्डिङ स्कुल छेउ ।
**सहजताका लागि :** कार्यालय सम्पर्क नं ०२३–५९१८०४

**मेन बहादुर तामाङ**
*अध्यक्ष एवम्*
**झिलमिले बहुउद्देश्यीय सहकारी संस्था लि.**

झा.जि.प्र.द.नं. १५६/२०७९
झा.जि.हु.का.दर्ता नं. : १०१/०८१/०८२
www.palikasandesh.com

# आयात प्रतिस्थापनको प्रयास गर्दै झापामा व्यावसायिक प्याज खेतीमा जोड

**बुद्धशान्ति (पालिका सन्देश) ।** आयात घटाउने ध्येयले झापामा पछिल्लो समय व्यवसायिक प्याज खेतीमा जोड दिन थालिएको छ । सरकारले उपलब्ध गराएको अनुदान र प्राबिधिक सहयोगको कारण किसानले ठूलो क्षेत्रमा खेती गर्न थालेका हुन् ।



झापाको मेचीनगर नगरपालिका वडा नं. २ का चन्द्रलाल राईले १० कठ्ठा क्षेत्रफलमा प्याज खेती गर्नु भएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम झापाले अनुदान दिएपछि उनले यो पटक व्यवसायिकरूपमा प्याज खेती गरेका हुन् । राई जस्तै जिल्लामा गत वर्ष देखि समूह तथा एकलरूपमा धेरै किसानले प्याज लगायतका अन्य व्यवसायिक तरकारी खेतीमा जोड दिन थालेका छन् । तरकारीजोन समन्वयस समितिका संयोजक पूर्ण खडकाका अनुसार अनुदान र प्राबिधिक सहयोगले किसानहरु उत्साहित बनेका छन् ।

जिल्लामा गत वर्ष देखि तरकारीजोन कार्यक्रम राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम मार्फत शुरू भएको छ । न्यूनतम् १० कठ्ठामा तरकारी खेती गर्ने किसानलाई यन्त्र, सिंचाई तथा खेती व्यबस्थापनमा सहयोग गर्दै आएको कार्यक्रम कार्यान्वयन इकाइ झापाका प्रमुख रविन्द्र सुवेदीले बताए ।

झापा जिल्ला झण्डै ११ हजार हेक्टर हाराहारी क्षेत्रफलमा तरकारी खेती हुँदै आएको छ । पछिल्लो समय खेतीमा स्थानीय, प्रदेश र संघीय सरकारबाट सहयोग हुन थाले पछि खेती गर्ने संख्या र क्षेत्रफल दुबै बढ्दै गएको छ । व्यवसायिक प्याज खेतीतर्फ किसानको आकर्षण बढेसँगै आयात प्रतिस्थापनमा समेत टेवा पुग्ने किसानको भनाइ छ ।


कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर

**नागरिक सहायता कक्ष सञ्चालन सम्बन्धी जानकारी**

आदरणीय सेवाग्राही महानुभावहरू, यातायात व्यवस्था कार्यालयबाट प्रवाह हुने सेवा प्रासिको सहजीकरणको लागि नागरिक सहायता कक्ष सञ्चालन गरिएको छ। उक्त कक्षबाट नि:शुल्क सेवाहरु प्राप्त गर्न सक्नु हुनेछ। सेवा प्राप्तिका लागि नागरिक सहायता कक्षमा सम्पर्क राख्नुहुन अनुरोध छ। सेवा प्राप्तिमा कसैको प्रलोभनमा नपरी आफ्नो सेवा लिन हार्दिक अपिल गर्दछौं। सेवा प्राप्तिमा कुनै गुनासो आएमा गुनासो सुन्ने अधिकारी र कार्यालय प्रमुखसँग सोझै सम्पर्क राख्न सक्नुहुनेछ ।


**चैते...**

दिए । प्रस्तावका आधारमा प्रतिक्विन्टल मूल्य तोक्न सरोकारवालासँग छलफल भएको बताउँदै उनले उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने तयारी भइरहेको जानकारी दिए ।

मन्त्रिपरिषद्बाट निर्णय भएपछि मात्र मूल्य सार्वजनिक गरिने जनाइएको छ । धानको चिस्यान मापदण्डसमेत मूल्याङ्कन गरी किसानद्वारा उत्पादित धानको समर्थन मूल्य सुनिश्चित गरिने छ । धानको १८ प्रतिशतसम्म चिस्यान भएमा तोकिएको मूल्य लागु हुने जनाउँदै १८ प्रतिशतभन्दा बढी चिस्यान भएमा तौल घटाउने नियम लागू गरिने मन्त्रालयले जनाएको छ । सरकारले तोकेको मूल्यमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत धान खरिद हुने जनाइएको छ ।


**बुद्धशान्ति गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बुधबारे (झापा)
**पन्छी तथा मत्स्य विकाश शाखा**

*मिति : २०८२/१२/११*

**अत्यन्त जरूरी सूचना !**

हाल झापा जिल्लाको विभिन्न भागमा बर्ड फ्लुको संक्रमण देखिएकोले कुखुरा पालक कृषकहरूलाई तपसिल बमोजिमका लक्षणहरू देखिएमा बुद्धशान्ति गाउँपालिका पशु सेवा शाखा, सम्बन्धित वडा कार्यालय, जनप्रतिनिधिहरूलाई समेत शीघ्र रूपमा जानकारी गराउनु हुन अनुरोध छ।

**कुखुरामा बर्ड फ्लुका लक्षणहरू**

*अचानक मृत्यु :*
कुखुराहरू एक्कासि धेरै संख्यामा मर्नु, जसमा कुनै पूर्व लक्षण नदेखिन पनि सक्छ।
*सुस्त हुनु र खान छोड्नु :*
कुखुराहरु निकै सुस्त देखिने, दाना-पानी नखाने र एकै ठाउँमा जम्मा भएर बस्ने।
*श्वासप्रश्वासमा समस्या :* खोकी लाग्ने, हाच्छ्यूँ गर्ने र श्वास फेर्न गाह्रो हुने।
*कम्पन र टाउको सुन्निनु :* कुखुराको टाउको, सिउर र लोती सुन्निने वा रगत जमे जस्तो निलो/कालो देखिने।
*अण्डा उत्पादनमा कमी :* अण्डा दिने कुखुराले एक्कासि अण्डा उत्पादन कम गर्ने वा अण्डाको खोल पातलो हुने।
*झाडापखाला :* हरियो वा सेतो दिशा गर्ने।

**बर्ड फ्लू फैलिने माध्यम र सावधानी** :
- यो रोग संक्रमित कुखुराको मासु, प्वाँख, सिगान, र्‍याल, सुली, दाना, अण्डा र अण्डा राखे क्रेटबाट सर्दछ।
- फार्ममा अस्वाभाविक रुपमा पन्छी बिरामी परेमा वा मरेमा तत्काल नजिकको पशु सेवा निकायमा खबर गर्नुपर्छ।

**सुरक्षा उपाय** :
- फार्म परिसरमा जैविक सुरक्षाका विधिहरू अपनाउने (नि:संक्रमण गर्ने)।
- घरपालुवा पन्छीलाई जङ्गली चराहरूको सम्पर्कमा आउन नदिने।
- कुखुरा वा अन्य पन्छी मरेको ठाउँमा प्रत्यक्ष नछुने र सावधानी अपनाउने।

*नोट : बर्ड फ्लु फैलिएको बेला राम्रोसँग पकाएको (७१ डिग्री सेल्सियस भन्दा बढी तापक्रममा) कुखुराको मासु र अण्डा खानु सुरक्षित मानिन्छ।*










पी.एस.टी नेपाल मिडिया प्रा.लि.द्वारा प्रकाशित **पालिका सन्देश साप्ताहिक**, कार्यालय : **बुद्धशान्ति-३ झापा**, सम्पर्क : **९८६१०४२८०४**, सम्पादक : **तीर्थराज तिम्सिना**
क.दर्ता नं : **२६०८९९/०७७/०७८**, इमेल : *palikasandesh@gmail.com, tirthatimsina508@gmail.com*, ले-आउट : **सन्तोष शर्मा**, वितरण प्रमुख : हरि घिमिरे, मुद्रण : **श्री गणपति अफसेट प्रेस**, बिर्तामोड, झापा ।

## प्रेरक भनाइ

असफलता त्यो अवसर हो, जसले अझै सच्चिएर अघि बढ्ने मौका दिन्छ । - **हेनरी फोर्ड** ।

## सम्पादकीय

# उच्च ग्रेडसहितको नतिजाको लागि शुभकामना

**यस बर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) भोलिदेखि सुरु हुँदैछ। जसको सम्पूर्ण तयारी पुरा भइसकेको छ। देशभरबाट परीक्षार्थीले परीक्षा लेख्दैछन्। सुरुमा एसएलसी भनौ या एसईई परीक्षालाई फलामे ढोकाको संज्ञा दिएर विशेष महत्वको रुपमा लिने गरिन्थ्यो। तर अहिले आएर नेपालमा कक्षा १२ सम्मलाई विद्यालय शिक्षा मानिए पनि कक्षा १० को अन्तिममा लिइने परीक्षाको चर्चा बढी हुने गरेको छ। विद्यार्थी, अभिभावक, शिक्षक, विद्यालयका साथै शिक्षासँग सम्बन्धित सबैजसो निकायले एसईईलाई धेरै महत्व दिने दिँदै आएका छन्। अहिलेको एसईई विगतको एसएलसीकै ढाँचामा उत्तिकै तामझामका साथ सञ्चालन हुने गरेको छ। विद्यार्थीलाई होम सेन्टर नहुने गरी परीक्षा केन्द्र तोक्ने, देशव्यापी एकै समयमा परीक्षा सञ्चालन गर्ने, परीक्षाका सबै प्रक्रियामा उच्च सुरक्षा सतर्कता अपनाउने, सबै उत्तरपुस्तिका केन्द्रिकृत गरी परीक्षण केन्द्रमै बसेर परीक्षण गर्ने र राष्ट्रिय परीक्षा बोर्डले देशव्यापी एकै पटक नतिजा सार्वजनिक गर्ने भएकाले एसईईको चर्चा र चासो बढी हुने गरेको पाइन्छ।**

**यस वर्षको एसईईमा कोशी प्रदेशमा ८० हजार ९ सय १० जना परीक्षार्थी सहभागी हुने भएका छन्। देशभरीमा ५ लाख १२ हजार ४ सय २१ जना विद्यार्थी परीक्षामा सहभागी हुँदैछन्। २ लाख ५७ हजार ६ सय १३ छात्रा, २ लाख ५४ हजार ८ सय १ छात्र र ७ जना अन्य विद्यार्थी परीक्षामा सहभागी हुने जनाइएको छ। यसका लागि केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सहयोगी र सुरक्षाकर्मी गरी परीक्षामा साढे ७३ हजार जनशक्ति परिचालन हुनेछन्। परीक्षा बिहान ८ बजेदेखि ११ बजे सम्म सञ्चालन हुनेछ।**

**परीक्षा विद्यार्थी जीवनमा धरै नै महत्वपूर्ण हुन्छ। एक खुड्किलोबाट अर्को खुड्किलो पार गर्न परीक्षा दिनै पर्ने हुन्छ। परीक्षा दिएर मात्रै भएन उत्तीर्ण हुनुपर्ने बाध्यता छ। यसका लागि विद्यार्थीले मेहनत गर्न जरुरी हुन्छ। लामो समयको तयारी पश्चात देशभरीबाट भोलिदेखि विद्यार्थीहरु परीक्षामा सहभागी हुँदैछन्। परीक्षामा सहभागी हुने विद्यार्थीले परीक्षा र नतिजालाई दबाबको रुपमा नलिई सामान्यरुपमा त्रासमुक्त भएर परीक्षा दिनु उचित हुनेछ। एसईईमा सहभागी विद्यार्थीले शान्त र सहजरुपमा परीक्षा दिँदै उच्च ग्रेडसहितको नतिजाको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं।**

## एक्सन ओरिएन्टेड गृहमन्त्री गुरुङ

# पूर्वप्रधानमन्त्री ओली पक्राउ

गृहमन्त्री बनेको चौबीस घण्टा नपुग्दै गृहमन्त्री सुदन गुरुङले पूर्व प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष के.पी.शर्मा ओलीलाई पक्राउ गराएका छन् । भक्तपुरको गुण्डुस्थित निवासबाट चैत्र १४ गते बिहानै प्रहरीको टोलीले ओलीलाई पक्राउ गरेको छ ।

एक्सन ओरिएन्टेड भएर काम गर्छु भनाई व्यक्त गरेका गृहमन्त्री गुरुङले कुनै पनि ढिलाई नगरी ओलीलाई जेन्जी आन्दोलनको क्रममा जेन्जीहरू हताहत हुनेगरी गोली हान्न आदेश दिएको आरोपमा पक्राउ गरिएको बताइएको छ । म कसैलाई पनि छाडदिन भनेर अभिव्यक्ति दिएका गुरुङ गृहमन्त्री बनेलगत्तै एक्सनमा उत्रिएका छन् । ओलीका साथै पूर्व गृहमन्त्री रमेश लेखक पनि पक्राउ परेका छन् । जेनजी आन्दोलनका क्रममा भएको घटनाबारे छानबिन गर्न गठित गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्नेबारे मन्त्रीपरिषद्ले निर्णय गरे लगत्तै उनीहरूलाई पक्राउ गरिएको बताइएको छ ।

ओली र लेखक हतारमा पक्राउ गर्नुले धेरै प्रश्नहरू पनि उब्जाएका छन् । विभिन्न पक्षबाट विचारहरू व्यक्त भइरहेका छन् । सांसद तथा श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साङपाङले भने, ओली पक्राउपछि सिंह दरवार, संसद, सर्वोच्च अदालत र अन्य कैयन सरकारी भवन जलाउने, भत्काउने कृत्यको अगुवाहरूलाई पनि पक्राउ गर्नुपर्छ ।

संविधान विद् निलाम्वर आचार्यले भने, कार्की आयोगकै प्रतिवेदनको आधारमा कसैलाई पक्राउ गर्न मिल्दैन । पक्राउबारे जे तथ्य बाहिर आएका छन्, त्यसले पूर्वाग्रह र प्रतिशोध भन्ने देखाउँछ भन्दै यस्तो नजिर बसाल्नु उपयुक्त नहुने विचार व्यक्त गरेका छन् । कानुनलाई आफ्नो स्वार्थ अनुकूल दुरुपयोग गर्न मिल्दैन । जहाँसम्म आयोगको प्रतिवेदनको कुरा छ पहिल्यै विचार बनाएर, पहिल्यै अपराधी ठहराएर त्यसलाई पुष्टि हुने व्यहोरा मात्रै तयार गर्ने, ती कुरालाई खण्डन गर्ने तथ्यलाई पन्छाउनु पूर्वाग्रही प्रवृत्ति हो । त्यसकारण आयोगको प्रतिवेदन निष्पक्ष छ भन्न मिल्दैन । आचार्यले, भदौ २४ गते घटनाको पनि छानबिन हुनेपर्ने विचार व्यक्त गरेका छन् ।

नेपाली कांग्रेसका देउवा पक्षका शीर्ष नेताहरूको बैठकमा एमाले अध्यक्ष ओली र कांग्रेसका नेता लेखकमाथि सरकारले गरेको राजनीतिक प्रतिशोधको संवैधानिक, कानुनी र राजनीतिक रूपमा प्रतिवाद गर्ने निर्णय गरेको समाचार आएको छ । शनिबार काठमाडौमा बसेको बैठकबाट कार्यवाहक सभापतिको हैसियतमा विज्ञप्ति जारी गर्दै नेता पूर्णबहादुर खड्काले आउनेदिनमा आउनसक्ने परिस्थितिलाई राजनीतिक रूपमा सामना गर्न पार्टी पंक्तीलाई तयारी अवस्थामा रहन




अपिल गरेका छन् । आयोगको प्रतिवेदन कार्यान्वयन गर्नेक्रममा प्रतिवेदनको पृष्ट ७२१ को सिफारिसबमोजिम अनुसन्धान तहकिकात र अभियोजन गर्न गराउन नेपाल सरकारलाई सिफारिश गरी पठाउने भनिएकामा कुनै पनि प्रक्रिया पूरा नगरी तत्कालीन सरकारका प्रधानमन्त्री र गृह मन्त्रीलाई धरपकड गर्नु कानुनी राज्यको बर्खिलाप र राजनीतिकरूपमा पूर्वाग्रहप्रेरित रहेको नेता खड्काले तर्क गरेका छन् ।

नेपाली कांग्रेसका सभापति गगन थापा, नेता विश्वप्रकाश शर्मा र प्रदिप पौडेल उपस्थित बैठकमा कार्की आयोगले सिफारिस गरेका व्यक्ति र निकायमध्ये सुरक्षा संयन्त्रका हकमा अध्ययन समिति गठन गरी सो बमोजिम गर्ने तर अन्यका हकमा तत्काल कार्यान्वयन गर्ने भन्ने निर्णय गर्नु र हतारमा पक्राउ गर्नुले भदौ २३ को एउटै घटना, एउटै छानबिन प्रतिवेदन र एकै खालको सिफारिसमा पनि सरकारको व्यवहार सेलेक्टिभ भएको देखिन्छ भन्ने निष्कर्ष निकालिएको समाचार बाहिरिएको छ ।

मानव अधिकारकर्मी चरण प्रसाईका अनुसार, मन्त्रीपरिषदको निर्णयले सुरक्षाकर्मीहरूलाई उन्मुक्ति दिने र अरूलाई कानुनको दायरामा ल्याउनुले सरकारले दोहोरो मापदण्ड अपनाएको जस्तो देखिन्छ । क्याबिनेटले प्रतिवेदन पारित गरेपछि सम्बन्धित अनुसन्धान निकायमा पेश गर्नुपर्छ । अनुसन्धान निकायले थप अनुसन्धान गर्ने, प्रमाण जुटाउनका साथै महान्यायाधिवक्ताको कार्यालयमार्फत अभियोजन प्रक्रिया अगाडि बढाउनु पर्दछ । यदि भोली पर्याप्त प्रमाण पुगेन भने यो प्रक्रिया झन् कमजोर हुन सक्छ ।

कानुन विद डा. भिमार्जुन आचार्यको व्यंग्यात्मक विचार सामाजिक सञ्जालमा आएको छ । आचार्यका अनुसार, गाईको बारेमा निबन्ध लेख्न भनेकोमा लड्डु विद्यार्थीले चारवटा खुट्टा त मिल्छ नि भनेर गधाको निबन्ध लेखेर कपी बुझाए जस्तो भयो । भदौ २३ र २४ को त्यति संवेनशील अपराध र देशद्रोहलाई पुरै विषयान्तर गरी त्यो केही पनि होइन र त्यस दिन खास केही भएकै थिएन जस्तरी प्रतिवेदन बनाउन आयोग सफल भयो । उक्त घटनाका योजनाकार र संलग्नहरूको चाहना यही थियो, शायद पुरा भयो । देश अझै देश जस्तो हुन सकेन । जनताको करबाट पालिने राज्यका पदाधिकारी देश र जनता भन्दा अरूका सेवक जस्ता भए र देखिए, आचार्यले लेखेका छन् । त्यस्तैगरी, आइतबार काठमाडौमा एक अन्तरसम्वादमा नेपाल बार एशोसिएसनका अध्यक्ष डा. विजयप्रसाद मिश्रले सरकारले ओली र लेखकलाई पक्राउ गर्ने निर्णय मन्त्रीपरिषदबाट गराउने अधिकार नै नभएको जिकिर गरेका छन् ।

पूर्व प्रधानमन्त्री ओलीले आफ्नो पक्राउलाई राजनीतिक प्रतिशोध भएको विचार व्यक्त गरेका छन् । पूर्व गृहमन्त्री लेखकले आफ्नो गिरफ्तारीलाई राजनीतिक पूर्वाग्रहको संज्ञा दिएका छन् ।

प्रधानमन्त्री बालेन्द्र शाहले स्वस्तिक बाचन गरेर लिएको सपथको मजाक उडाएको, गृहमन्त्री गुरुङले ज्यादै हतारमा कारबाही गर्नुलाई अपरिपक्वपन भएको विचार विभिन्न कोणबाट आएका छन् । केटाकेटी आए गुलेली खेलाए मत्याङग्राको सत्यानाश भन्ने उखान चरितार्थ पारे भन्ने चर्चाहरू बजारमा सुनिन थालिएका छन् । धरपकडको बिरोधमा सम्बन्धित पार्टीका नेता तथा कार्यकर्ताहरू सडक आन्दोलनमा उत्रिएका देखिन्छन् । त्यसैले सम्यमता अपनाउनु पर्दछ । पक्राउ पर्ने पक्षहरूले पनि कानूनी राज्यको सम्मान गर्दै राज्यलाई कानुन अनुसार कामकारबाही सघाउनु कर्तव्य हुन आउँछ भन्ने जानकारहरूको भनाई रहेको छ ।

ओली र लेखक पक्राउका सम्बन्धमा नेपाल सरकारका प्रवक्ता सस्मित पोखरेलले, पार्टीको बाचापत्रलाई कार्यान्वयनमा लैजाने क्रममा यो कदम चालिएको सञ्चार माध्यमबालाई बताएका छन् र कसैलाई प्रतिशोध नसाँधेको पनि स्पष्ट पारेका छन् । नेपाल सरकारले १०० वटा शासकीय सुधार कार्यसूचीमा भाद्र २४ गतेको आगजनीबारे अनुसन्धान गर्न उच्चस्तरीय छानबिन समिति गठनगर्ने उल्लेख गरेको छ ।

तर जेन्जी आन्दोलनका पृष्टभूमिदेखि सबै दिनहरूकाबारेमा थप गहन निष्पक्ष अनुसन्धान हुनुपर्दछ । सत्तामा रहेका हुन् या प्रतिपक्षमा रहेका जोकोही सो घटनामा संलग्नहरूलाई कानुनी कारबाही हुनुपर्दछ । कानुन सबैलाई बराबर हुनुपर्दछ ।

# तिनतले सामुदायिक वनमा शरदकुमार

**बुद्धशान्ति (पालिका सन्देश) ।** तिनतले सामुदायिक वन उपभोक्ता समूहको नयाँ कार्यसमिति चयन भएको छ । शरद कुमार मगरको अध्यक्षतामा १३ सदस्यीय समिति चयन भएको हो । इलाम जिल्लाको रोङ गाउँपालिका वडा नम्बर १ र ४ साथै झापाको बुद्धशान्ति गाउँपालिका वडा नम्बर १ र २ क्षेत्रमा फैलिएको तिनतले सामुदायिक वन उपभोक्ता समितिको उपाध्यक्षद्वयमा धर्मप्रसाद बास्तोला र एकराज भुजेल, सचिवमा छत्र कुमारी आचार्य, सहसचिवमा पुण्य प्रसाद पौडेल र कोषाध्यक्षमा सुनिता राई सर्वसम्मत चयन भएको निर्वाचन समिति संयोजक खड्ग तिम्सिनाले बताएका छन् ।

त्यस्तै सदस्यहरूमा खड्गबहादुर तामाङ, प्रेम गौतम, दलित सदस्यमा सम्झना रसाइली र महिला आरक्षण अन्तर्गत मेनुका राई, शर्मिला दाहाल, विष्णु कुमारी बराल र शोभा समाल चयन भएका छन् । त्यस्तै शिवबहादुर गिरीको संयोजकत्वमा पाँच सदस्यीय लेखा समिति चयन भएको छ । सदस्यहरूमा सावित्रा सापकोटा घिमिरे, चन्द्रमणि बराल, प्रभुदास रामुदामु र भगीरथ कट्टेल चयन



भएको निर्वाचन समिति संयोजक तिम्सिनाले जानकारी दिए ।

नवनिर्वाचित पदाधिकारीको शपथ ग्रहण समेत गराइएको छ । निर्वाचित पदाधिकारीहरूले शपथ ग्रहणसहित प्रमाणपत्र ग्रहण गरेका छन् । निर्वाचन संयोजक खड्गबहादुर तिम्सिनाको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा बुद्धशान्ति गाउँपालिका वडा नं. १ का वडाध्यक्ष अनिल वाग्लेको प्रमुख आतिथ्यता रहेको थियो । साथै, सब-डिभिजन वन कार्यालय रोङका वन सहायक गौरीशंकर गनगाई विशिष्ट अतिथिका रूपमा उपस्थित रहेका थिए । कार्यक्रममा निवर्तमान अध्यक्ष नन्दकुमार याफुराई, पूर्व अध्यक्ष, निर्वाचन मण्डलका पदाधिकारी, विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा उपभोक्ताहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रममा निर्वाचन मण्डल सदस्य विभीषण वाग्लेले स्वागत मन्तव्य राखेका थिएभने सदस्य मोहनप्रसाद तिम्सिनाले कार्यक्रम सञ्चालन गरेका थिए । कार्यक्रममा नव-निर्वाचित अध्यक्ष शरदकुमार मगरले सामुदायिक वनको संरक्षण, व्यवस्थापन तथा विकासका लागि निष्ठापूर्वक काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै प्रमुख अतिथि लगायत अन्य अतिथिहरूले नवनिर्वाचित पदाधिकारीहरूलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै आगामी दिनमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

# पत्रकारिताको शुद्धीकरण र सुदृढीकरणको बहस



**बुद्धशान्ति ।** नेपाल पत्रकार महासंघको ७१औँ स्थापना दिवसको सन्दर्भमा सोमबार झापाको काँकरभिट्टामा पत्रकारिताको शुद्धीकरण र सदृढीकरण विषयक अन्तरक्रिया तथा ज्येष्ठ पत्रकारलाई वार्षिक वृत्ति वितरण गरिएको छ । नेपाल पत्रकार महासंघ झापा शाखाको आयोजना र मेचीनगर नगरपालिकाको सहकार्यमा भएको कार्यक्रमको उद्घाटन प्रमुख अतिथि महासंघका कोशी प्रदेश समितिका अध्यक्ष भरतबहादुर खड्काले गरेका थिए ।

नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि खड्का, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रिय महासचिव चन्द्र भण्डारी, कोशी प्रदेश समिति उपाध्यक्ष अम्बिका भण्डारीले शुभकामना व्यक्त गरेका थिए । त्यसक्रममा पत्रकारिताको शुद्धीकरण र सदृढीकरणका लागि ११ बुँदे 'झापा संकल्प-पत्र २०८२' पारित गरिएको छ ।

वक्ताहरूले पत्रकारिताको शुद्धीकरण र सुदृढीकरणका लागि आचारसंहिताको पूर्णपालना, पत्रकारको क्षमता विकास लगायतका विषयमा जोड दिएका थिए । कार्यक्रममा जिल्लाका ६५ वर्ष माथिका १३ जना ज्येष्ठ पत्रकारलाई वार्षिक वृत्ति वितरण गरिएको छ । वार्षिक वृत्ति पाउने ज्येष्ठ पत्रकारहरूमा गोविन्द चन्द क्षेत्री, केशव आचार्य, चिन्तामणि दाहाल, चन्द्र भण्डारी, गञ्जबहादुर दाहाल, लक्ष्मण ढकाल, शिरो सान्दाई, विष्णुकुमार भट्टराई, चुडामणि वशिष्ठ, लेखनाथ परदेशी, लीला बराल, गोपाल गिरी र लक्ष्मी लुइँटेल रहेका छन् ।

महासंघले स्थापना गरेको पत्रकार सहारा उपचार कोषको ब्याजबाट ०८० सालदेखि ६५-७५ वर्ष उमेरसम्मका ज्येष्ठ पत्रकारलाई वार्षिक वृत्तिस्वरूप १५ हजार र सो भन्दा माथिका ज्येष्ठ पत्रकारलाई वार्षिक २० हजार रकम औषधोपचार खर्च वापत प्रदान गरिँदै आएको छ । महासंघका सदस्य रहेका ज्येष्ठ पत्रकारलाई वार्षिक रूपमा उक्त रकम उपलब्ध गराइँदै आएको बताइएको छ । सोही कार्यक्रममा केही समय अघि हर्नियाको शल्यक्रिया गराएका ज्येष्ठ पत्रकार लक्ष्मी लुइँटेललाई २५ हजार रूपैयाँ उपचार खर्च समेत प्रदान गरिएको थियो ।

कार्यक्रमको दोस्रो सत्रमा विषय केन्द्रित अन्तरक्रिया गरिएको थियो । पूर्व अध्यक्ष मोहन काजीको संयोजकत्वमा गठित संकल्प पत्र तयारी समितिले प्रस्ताव गरेको ११ बुँदे संकल्प पत्र सहभागीको सुझावका आधारमा संशोधनसहित पारित गरिएको थियो । संकल्प पत्रमा पत्रकार आचारसंहिताको पूर्ण पालना, पत्रकारिताको स्वच्छता र व्यबसायीकरण, क्षमता विकास, जवाफदेहिता लगायतका विषय समेटिएको छ ।

# सूर्योदयमा ६५ फिट अग्लो बुद्धको प्रतिमासहितको पार्क सञ्चालनमा

**इलाम ।** इलामको सूर्योदय नगरपालिका-३, बौद्धधाममा निर्माण गरिएको बुद्धको प्रतिमा सहितको बुद्धपार्क सञ्चालनमा आउने भएको छ । कोशी प्रदेश सरकार र सूर्योदय नगरपालिकाको लगानीमा निर्माण भएको ६५ फिट अग्लो बुद्धको प्रतिमा सहितको पार्क सञ्चालनमा आउने भएको हो । यहि चैत १८ गते कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले ६५ फिट अग्लो बुद्धको प्रतिमा सहित १७ रोपनी क्षेत्रफलमा निर्माण भएको पार्कको उद्घाटन गर्ने तयारी रहेको छ ।

उक्त दिन प्राण प्रतिष्ठान सहित बुद्धको प्रतिमा र पार्क उद्घाटन गर्ने कार्यक्रम रहेको गौतम बुद्ध स्मृति प्रतिष्ठानले जनाएको छ । उक्त दिन बुद्ध धर्म गुरू खेन्छेन नाम्डोल छिरिङ रिम्पोछे सहितका धर्म गुरूबाट बिहान ६ बजेदेखि १२ बजेसम्म प्राण प्रतिष्ठान गरी उक्त स्थानको उद्घाटन गरिने प्रतिष्ठानका सदस्य सोनाम यल्मोले बताएका छन् ।

उक्त पार्क पर्यटकीय सहर दार्जिलिङ



आउने पर्यटकको पहिलो गन्तव्य बन्ने गरेको छ । नेपाल भारत सीमा क्षेत्र पशुपतिनगरबाट २ किलोमिटरको दूरीमा रहेको बौद्धधाममा अहिले भारतीय पर्यटकको आकर्षणको केन्द्र बनेको स्थानीय पर्यटन व्यबसायी विमल देवानले बताए ।

बुद्धपार्क निर्माणको थालनी मेची पर्यटन प्रबर्धन विकास समितिको बजेटबाट आर्थिक वर्ष २०७२-०७३ मा भएको थियो । क्रमागत रूपमा सञ्चालन हुँदै आएको आयोजना देश सङ्घीय संरचनामा गएपछि कोशी प्रदेश सरकार र सूर्योदय नगरपालिकाले निर्माण गरेको थियो ।

कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ बाट बजेट विनियोजन गर्दै आएको थियो । सूर्योदय नगरपालिकाले प्रदेशको बजेटमा ३० प्रतिशत थप गरी पार्क निर्माण गरेको सूर्योदय नगरपालिकाका कार्यवाहक नगर प्रमुख दुर्गाकुमार बरालले जनाए । उनले उक्त पार्क सञ्चलनमा आएपछि नेपाल, भारत र तेस्रो देशका पर्यटकको आकर्षणको केन्द्र बन्ने बताए ।

## तपाईंको साताको राशिफल




**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
सताको प्रारम्भमा कार्यक्षेत्रमा कामको दबाव बढ्न सक्छ तर अन्त्यमा सफलता मिल्नेछ। अरुको करकापमा काम गर्नुपर्ला। साताको मध्यमा धैर्य र पराक्रमले आँटेको कार्यमा सफलता मिल्नेछ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)**
साताको प्रारम्भमा कार्यक्षेत्रमा प्रशंसा पाइनेछ। आँटेको कार्यमा सफलता मिल्नेछ। साताको मध्यमा संगीत र कलाको क्षेत्रमा सफलता मिल्नेछ। संचित धनमा वृद्धि हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)**
साताको प्रारम्भमा काममा नयाँ अवसर प्राप्त हुनेछ। आफन्तहरूको मध्य रमाइलो भोजनको आनन्द मिल्ला। साताको मध्यमा व्यवसायमा लाभ रहनेछ। आफन्त र भाइबहिनीहरूबाट सहयोग पाइनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
साताको प्रारम्भमा कार्यक्षेत्रमा पदोन्नति वा नयाँ जिम्मेवारी मिल्न सक्छ। आर्थिक पक्ष सबल रहनेछ। साताको मध्यमा रचनात्मक कार्यतर्फ मन जानेछ। संघ समाजमा नेतृत्वको भूमिका निभाउनु पर्ला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
साताको प्रारम्भमा वैदेशिक रोजगारमा सफलता मिल्नेछ। आध्यात्मिक ज्ञानमा निखार आउनेछ। साताको मध्यमा रोकिएका कामहरू पूरा हुनेछन्। प्रशासनिक वा अधिकारी वर्गहरूको सहयोग पाइनेछ।

**कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)**
साताको प्रारम्भमा सेवा तथा परोपकारी कर्मले प्रसिद्धि दिलाउनेछ। व्यापारमा मन्दी आउनुका साथै लगानी अड्किने सम्भावना रहेको छ। स्वास्थ्य कमजोर हुनाले समयमा उपलब्धि प्राप्त नहुन सक्छ।

**तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)**
साताको प्रारम्भमा लगनशीलताले विरोधीहरू परास्त हुनेछन्। कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ। साताको मध्यमा उद्योग व्यापारमा पहिला लिएका निर्णयले मनग्य सफलता दिलाउनेछ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
साताको प्रारम्भमा धार्मिक र सामाजिक कार्यमा सहभागिता बढ्नेछ। नयाँ अवसर प्राप्त हुनुका साथै नयाँ चुनैतिहरूको सामना गर्नुपर्ने हुन्छ। साताको मध्यमा चुनौती पन्छ्याउँदै काम बनाउने समय रहेको छ।

**धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)**
साताको प्रारम्भमा पुरानो सम्झौता भंग हुनाले व्यापारमा हानि हुने सम्भावना रहेको छ। स्वास्थ्यमा ध्यान दिनुहोस्। साताको मध्यमा फाइदाको स्रोतहरू पहिल्याउन सकिनेछ।

**मकर (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि)**
साताको प्रारम्भमा साझेदारी व्यापारमा सफलता मिल्नेछ। दाम्पत्य जीवन सुमधुर रहनेछ। साताको मध्यमा अरुलाई सल्लाह दिनदेखि जोगिनुहोस्। घरपरिवारमा कुनै कुरालाई लिएर असमझदारी बढ्नेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)**
साताको प्रारम्भमा परीक्षामा सफलता मिल्नेछ। सवारी साधन चलाउँदा सावधान रहनुहोला। साताको मध्यमा जीवनसाथीको स्वास्थ्यलाई लिएर सचेत रहनुहोस्। विपरीत परिस्थितिलाई पनि अनुकूल बनाउन सकिनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)**
साताको प्रारम्भमा नोकरी वा पेशामा अधिकारी वर्गहरु हजुरको कार्यशैलीबाट प्रभावित रहनेछन्। व्यापारलाई पारदर्शिता राख्नुहोस्। साताको मध्यमा अनावश्यक व्यक्तिहरूसंग सावधान रहनुहोला।

# बिर्तामोड खानेपानी संस्थाको २३ औं वार्षिक साधारणसभा सम्पन्न

**बिर्तामोड ।** बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले २३ औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ । संस्थाका अध्यक्ष मेघराज बास्तोलाको अध्यक्षतामा संस्थाको कार्यालयमा भएको कार्यक्रममा जिल्ला खानेपानी कार्यालय झापाका प्रमुख सुमन भट्टराईको प्रमुख आतिथ्य रहेको थियो ।

सोही कार्यक्रमकाबीच उत्कृष्ट कर्मचारीका रूपमा संस्थाका कर्मचारी पदमबहादुर गुरुङ नगद १० हजार रूपैयाँसहित सम्मानीत भएका छन् भने संस्थाको जेष्ठ सदस्यका रूपमा डिल्लीराम बस्नेत र चन्द्रमाया बिक नगदसहित सम्मानित भएका छन् । उनीहरूलाई प्रमुख अतिथि भट्टराई, सल्लाहकार, अध्यक्षलगायतले सम्मान गरेका हुन् ।

अध्यक्ष बास्तोलालले प्रस्तुत गरेको संस्थाको प्रतिवेदन अनुसार हाल संस्थामा तीन वटा ओभरहेड ट्याङ्की, १६ वटा डिप बोरिङ, १० वटा फिल्टर प्लाण्ट र ११ हजार उपभोक्ता रहेका छन् । अध्यक्ष बास्तोलाले संस्थाले स्थापना कालदेखि हालसम्म विभिन्न कठिनाई र चुनौतीकाबीच पनि सकेसम्म समस्याको समाधान गर्दै आइरहेको बताए । उनले संस्थाले गरेका १४ बुँदे कार्ययोजना, ६ बुँदे समस्या तथा चुनौती र २३ बुँदे भावी योजनासमेत प्रस्तुत गरेका छन् ।



स्वागत संस्थाका उपाध्यक्ष शैलेन्द्र सिटौलाले गरेको कार्यक्रमको सञ्चालन सचिव पारसमणि मैनालीले गरेका थिए । कोषाध्यक्षको आर्थिक प्रतिवेदन कोषाध्यक्ष शारदा रिजालले प्रस्तुत गरेको कार्यक्रममा लेखा समितिको प्रतिवेदन लेखा समिति संयोजक बिष्णुप्रसाद चुडालले प्रस्तुत गरेका थिए ।

संस्थाका निवर्तमान अध्यक्ष तथा मेची आँखा अस्पतालका अध्यक्ष जलकुमार गुरुङले कुनैपनि संस्थाको मेरूदण्ड भनेकै कर्मचारी भएको बताए । आफु नेतृत्वमा हुँदा सन् २०१८ र सन् २०२२ मा बिर्तामोड खानेपानी संस्था उत्कृष्ट भएको र त्यो कर्मचारीकै कारण भएको बताए । कोभिड १९ महामारीमा कर्मचारीले आफ्नो ज्यानको प्रर्वाह नगरी संस्थाप्रति जिम्मेवारी कर्तब्य पूरा गरेकै कारण पनि संस्था उत्कृष्ट भएको भन्दै कर्मचारीको प्रशंसा गरे ।

कार्यक्रममा प्रमुख अतिथि भट्टराई, संस्थाका निवर्तमान अध्यक्ष तथा मेची आँखा अस्पतालका अध्यक्ष गुरुङ, संस्थाका सल्लाहकार लोकबन्धु कन्दङ्वा, राजकुमार पोखरेल, राष्ट्रिय स्वतन्त्र पार्टीका बिर्तामोड नगर सभापति दीपक दाहाल, नेपाल उद्यमशील महिला संघ झापा अध्यक्ष पार्वता खरेल बिमलीगायतले शुभकामना राखेका थिए ।

कार्यक्रममा संस्थाका सल्लाहकार बालकृष्ण गिरी, मदनगोपाल सुब्बा, बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष कुमार भट्टराई, नेपाल अलैंची व्यवसायी महासंघका निवर्तमान अध्यक्ष तथा बिर्तामोड उद्योग वाणिज्य संघका विशिष्ठ सदस्य निर्मल भट्टराई, कमर्स अफ चेम्बरका केन्द्रिय सदस्य तथा झापा अध्यक्ष ओमकृष्ण बिमलीसहित विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधि, उपभोक्ताहरूको उल्लेखीय उपस्थिति रहेको संस्थाका कार्यालय प्रमुख खड्गराज गिरीले जानकारी दिए ।

## कचनकवल डिप ट्युबवेल सिँचाइ आयोजना उद्घाटन

**कचनकवल ।** कचनकवल गाउँपालिका-७, तारावनमा निर्माण सम्पन्न कचनकवल डिप ट्युबवेल सिँचाइ आयोजना एक विशेष समारोहकाबीच उद्घाटन गरिएको छ ।

कोशी प्रदेश सरकारको खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय अन्तर्गत रहेको भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन, बिराटनगरको आयोजनामा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशका खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्री माननीय तिलचन पाठकले सिँचाइ प्रणालीमार्फत पानी सञ्चालन गरी आयोजनाको औपचारिक उद्घाटन गरेका छन् । उक्त आयोजनाबाट स्थानीय कृषकहरूलाई वर्षभरि सिँचाइ सुविधा उपलब्ध भई कृषि उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

यसले क्षेत्रीय खाद्य सुरक्षा सुदृढ गर्नुका साथै कृषिमा आधारित रोजगारीका अवसरसमेत सिर्जना गर्ने विश्वास लिइएको छ । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, सम्बन्धित निकायका अधिकारीहरु तथा सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो ।

## विकास सहायतामा अनुदान खुम्चिँदा ऋणको भार बढ्दै

**झापा ।** नेपालमा वैदेशिक सहायताको प्रतिबद्धता र परिचालन बढ्दा अनुदान खुम्चिँदै गएको छ । अनुदानको हिस्सा घट्दा मुलुक ऋणमा बढी निर्भर हुनुपर्ने चुनौती देखापरेको छ । विकास सहयोग प्रतिवेदन-२०८१/८२ ले अनुदानको हिस्सा घट्दै जाँदा नेपाल ऋणको जोखिममा परेको निष्कर्ष निकालेको हो ।

आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक विकास सहायता परिचालन १ अर्ब ६० करोड अमेरिकी डलर पुगेको प्रतिवेदनले देखाएको छ । विकास सहायता परिचालन १५.५ प्रतिशत वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ । यस्तै सहायता प्रतिबद्धतामा पनि ४६.३ प्रतिशतको वृद्धि हुँदा २ अर्ब २४ करोड डलर पुगेको छ ।

वैदेशिक सहायतामा ऋणको हिस्सा अधिक देखिएको छ । कुल सहायतामा ऋणको हिस्सा ६६.९ प्रतिशत पुग्नु चिन्ताजनक रहेको प्रतिवेदनले औंल्याएको छ । यता अनुदानको हिस्सा खुम्चिएर २१.४ प्रतिशतमा झरेको छ ।

वैदेशिक सहायतामा ऋणको हिस्सा फराकिलो र अनुदान संकुचनको परिदृश्य चालु आर्थिक वर्षमा पनि देखिएको छ । आर्थिक वर्ष २०८२/८३ को पुससम्म ६५ अर्ब ९८ करोड ५१ लाख वैदेशिक सहायता नेपाललाई प्राप्त भएको छ । जसमध्ये ७०.५६ प्रतिशत ऋणको हिस्सा छ भने २९.४४ प्रतिशत मात्रै अनुदान रहेको छ ।


## क्षयरोगबाट बचौं र बचाऔं

- खोक्दा र हाछ्यु गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा नि:शुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेका बिरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- बिरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेका बिरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

*"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं ।*

**कचनकवल गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय (झापा)


## विद्यालय तहको इन्ट्रान्स र ब्रिजकोर्स सञ्चालनमा शिक्षा मन्त्रालयको रोक

**झापा ।** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय तहका विभिन्न कक्षाका भर्ना लक्षित प्रवेश परीक्षा तयारी कक्षा र ब्रिजकोर्सका कार्यक्रम सञ्चालनमा रोक लगाएको छ । मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले सोमबार विज्ञप्ति जारी गरी आगामी वैशाख १ गतेदेखि ती कार्यक्रम पूर्ण रूपमा बन्द हुने जनाएका छन् ।

साथै उच्च तहका विभिन्न तह लक्षित कार्यक्रमहरू प्रचलित कानुन बमोजिम नभए बन्द गर्न निर्देशन दिइएको छ । तर आइतबार मन्त्रालयले, विद्यालय तहदेखि उच्च शिक्षाको इन्ट्रान्स र ब्रिजकोर्स बन्द गर्ने निर्णय गरेको शिक्षामन्त्री सस्मित पोखरेलले गरेको निर्णयबाट मन्त्रालय पछि हटेको हो ।





## बालबालिकालाई लागुऔषध दुरूपयोगबाट बचाऔं

- लागुऔषध सामाजिक अपराध हो । कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधवाट हुने हानी र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोत्साहन गरौं ।

**बाह्रदशी गाउँपालिका**
बाह्रदशी (झापा)

# सहकारीको ऋण नतिर्नेलाई अब ‘ब्ल्याक लिस्ट’ को फन्दा

नेपालको अर्थतन्त्रको तीन खम्बे अर्थ नीतिमध्ये एक महत्वपूर्ण खम्बा सहकारी क्षेत्र हो । समुदायमा छरिएर रहेको स-सानो पूँजीलाई एकीकृत गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्ने उद्देश्यले स्थापित सहकारीहरु आज गम्भीर चुनौतीको मोडमा उभिएका छन् । विशेष गरी ऋण लिएर समयमै फिर्ता नगर्ने प्रवृत्तिका कारण समग्र सहकारी अभियान नै बदनाम भइरहेको अवस्थामा छ । सहकारीको ऋण नतिर्ने ऋणीहरु पनि बैंक तथा वित्तीय संस्थाका ऋणी सरह ‘ब्ल्याक लिस्ट’ अर्थात् कालोसूचीमा पर्ने बाटो पूर्ण रूपमा खुलेको छ । यसले सहकारीको ऋण तिर्नुपर्दैन भन्ने भ्रम पालेर बसेकाहरूका लागि ठूलो चेतावनी दिएको छ ।

सहकारी नियमन प्राधिकरणमा दर्ता भएर सञ्चालनमा रहेका सहकारी संस्थाहरूले अब अनिवार्य रूपमा कर्जा सूचना केन्द्र (सीआइबी)मा आफ्नो संस्था दर्ता गर्नुपर्नेछ । यसअघि बैंक र फाइनान्स कम्पनीहरूको ऋण मात्र कालोसूचीको दायरामा हुन्थे, जसले गर्दा धेरैले सहकारीको ऋणलाई बेवास्ता गर्ने गरेका थिए । तर अब स्थिति बदलिएको छ । सहकारीले आफ्ना खराब ऋणीहरूको विवरण केन्द्रमा पठाउने बित्तिकै उनीहरु कालोसूचीमा सूचीकृत हुनेछन् । यो व्यबस्थाले सहकारी क्षेत्रमा व्याप्त "ऋण नतिर्ने संस्कृति" लाई निरूत्साहित गर्ने विश्वास गरिएको छ ।

कालोसूचीमा पर्नु भनेको केवल एउटा संस्थामा बदनाम हुनु मात्र होइन, यो एक प्रकारको "वित्तीय नागरिकता" खारेज हुनु सरह हो । यदि कुनै व्यक्ति सहकारीको ऋण नतिरेकै कारण कालोसूचीमा पर्छ भने उसले समस्याहरु भोग्नुपर्ने हुन्छ ।

यतिमात्रै नभएर बैंकिङ कारोबारमा पूर्ण बन्देज गराइने भएको छ । कालोसूचीमा परेको व्यक्तिले नेपालको कुनै पनि क, ख, ग, वा घ वर्गका बैंक तथा वित्तीय संस्थामा खाता खोल्न, ऋण लिन वा अन्य कुनै पनि किसिमको वित्तीय कारोबार गर्न पाउँदैन । सम्पत्ति रोक्का र लिलामी, संस्थाले ऋणीको चल-अचल सम्पत्ति रोक्का गर्ने र लिलामी प्रक्रिया अगाडि बढाउने कानुनी बाटो पाउँछ । यसले गर्दा पुर्ख्यौली सम्पत्ति समेत गुम्ने खतरा रहन्छ ।

कालोसूचीमा रहेका व्यक्तिहरूलाई राहदानी रोक्का गर्ने, सरकारी सेवा सुविधाहरु रोक्ने र भविष्यमा कुनै पनि राजनीतिक वा सामाजिक पदमा उम्मेदवार बन्न समेत अयोग्य ठहरिने गरी कानुनहरु कडा बनाइँदैछ । यसका साथै सामाजिक प्रतिष्ठामा समेत आँच आउनेछ । आफ्नो नाम सार्वजनिक रूपमा कालोसूचीमा प्रकाशित हुँदा परिवार र समाजमा हुने बेइज्जतीको क्षति अपूरणीय हुन्छ ।




सहकारीमा ऋण समयमै नतिर्नु भनेको आफ्नै खल्तीबाट पैसा खेर फाल्नु हो । धेरैलाई लाग्न सक्छ कि ऋण नतिर्दा ब्याज बचिरहेको छ, तर वास्तविकता उल्टो छ । भाखा नाघ्ने बित्तिकै ऋणमा पेनाल्टी (जरिवाना) र थप ब्याज थपिँदै जान्छ । यसले गर्दा सावाँभन्दा ब्याज धेरै हुने स्थिति सिर्जना हुन्छ । अर्कोतर्फ, सहकारी ऐन अनुसार संस्थाको नाफाबाट सुरक्षित पूँजी फिर्ता कोषमा छुट्याइएको रकमको केही हिस्सा असल ऋणीहरूले फिर्ता पाउँछन् । समयमै ब्याज तिर्ने सदस्यले आफूले तिरेको ब्याजको केही अंश बोनसका रूपमा फिर्ता पाउने अवसर गुमाउँछन् ।

सहकारी संस्थाहरूले ऋण लगानी गर्दा त्यो पैसा सदस्यहरूकै बचतबाट आएको हुन्छ । जब ऋणको भाखा नाघ्छ, संस्थाले सम्भावित जोखिमका लागि ‘लोन लस प्रोभिजन’ (ऋण नोक्सानी व्यबस्था) मा ठूलो रकम छुट्याउनुपर्ने हुन्छ । यसले गर्दा संस्थाको नाफा घट्छ । नाफा घट्नु भनेको सदस्यहरूले पाउने लाभांश घट्नु हो । यदि सबै सदस्यले समयमै ऋण तिर्ने हो भने संस्थाले ऋण सुरक्षणमा धेरै पैसा खर्च गर्नु पर्दैन, जसले गर्दा सञ्चालन खर्च घट्छ र सदस्यहरूले पाउने मुनाफाको प्रतिशत स्वतः वृद्धि हुन्छ ।

संस्थाका सञ्चालक समिति, शिक्षा उपसमिति र कर्मचारीहरूले सदस्यहरूलाई कालोसूचीको गम्भीरता बुझाउनु अहिलेको मुख्य आवश्यकता हो । सहकारीमा छरछिमेक र साथीभाइको बचत जोडिएको हुन्छ । सहकारीमा लगानी भएको ऋण सुरक्षित भएमा मात्र सदस्यहरूको बचत सुरक्षित हुन्छ । कर्मचारीहरूले ऋणीको घरदैलोमा पुगेर ब्ल्याक लिस्टको कानुनी प्रावधान र यसले भविष्यमा पार्ने असरबारे सचेतना जगाउनुपर्छ ।

सहकारी अब पहिलेको जस्तो ऋण नतिरे पनि हुने संस्था रहेन । यो राज्यको कडा नियमन भित्र आइसकेको छ । समयमै ऋण तिर्नु भनेको केवल कालोसूचीबाट बच्नु मात्र होइन, बरू आफ्नो वित्तीय भविष्य सुरक्षित गर्नु र संस्थाको नाफामा सहभागी हुनु पनि हो । सचेत सदस्यले संस्थाको नियम पालना गर्छन् र समयमै ऋण चुक्ता गरेर थप सुविधा र बोनसका हकदार बन्छन् । त्यसैले, कालोसूचीको झन्झट, कानुनी झमेला र सामाजिक अपमानबाट बच्नका लागि प्रत्येक ऋणीले आफ्नो दायित्व समयमै पुरा गर्नु नै बुद्धिमानी हुनेछ । प्राधिकरणमा दर्ता भइसकेका सहकारी संस्थाहरूले अब कर्जा सूचना केन्द्रमा समेत दर्ता भई खराब ऋणीहरूको विवरण कर्जा सूचना केन्द्रमा उपलब्ध गराउन सक्नेछन् ।

## स्वास्थ्य बीमा बोर्डको कडा निर्देशन

**झापा ।** स्वास्थ्य बीमा बोर्डले बीमा कार्यक्रम अन्तर्गत सेवा प्रवाहमा लापरवाही र बीमित सेवाग्राहीमाथि भेदभाव गर्ने स्वास्थ्य संस्थाहरूलाई कडा निर्देशन दिएको छ । बोर्डले सोमबार जारी गरेको एक सूचनामार्फत प्रचलित ऐन, नियमावली र कार्यबिधिको पूर्ण पालना गर्न तथा यस्ता गतिबिधि तत्काल रोक्न निर्देशन दिएको हो ।

बोर्डका कार्यकारी निर्देशक डा. कृष्ण प्रसाद पौडेलद्वारा हस्ताक्षरित सूचनामा उल्लेख भएअनुसार केही सेवा प्रदायक स्वास्थ्य संस्थाहरूले स्वास्थ्य बीमा सेवा प्राप्त गर्न आउने बीमित सेवाग्राहीहरूबाट अग्रिम समय लिनुपर्ने, उनीहरूलाई भेदभावपूर्ण व्यबहार गर्ने र आवश्यक सेवा तथा औषधि उपलब्ध नगराउने गरेको भन्दै बोर्डको गम्भीर ध्यानाकर्षण भएको छ ।

बोर्डले यस्ता कार्यहरु स्वास्थ्य बीमा ऐन, २०७४, स्वास्थ्य बीमा नियमावली, २०७५ र प्रचलित अन्य कानुनविपरीत रहेको स्पष्ट पारेको छ । निर्देशनमा सबै सेवा प्रदायक स्वास्थ्य संस्थाहरूलाई यस्ता गैरकानूनी र नियम विपरीतका गतिबिधिहरु तत्काल रोक्न तथा प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यबिधिको पूर्ण रूपमा पालना गर्न गराउन भनिएको छ ।

साथै, बोर्डले अनुगमनका क्रममा कुनै पनि स्वास्थ्य संस्थाले नियम विपरीत कार्य गरेको प्रमाणित भएमा स्वास्थ्य बीमा ऐन, २०७४ को दफा १२ को उपदफा (१) खण्ड (ख) बमोजिम कारबाही गरिने चेतावनीसमेत दिएको छ ।


### पाठेघरको मुखको क्यान्सरका लक्षण

- अनियमित वा महिनावारी रोकिएपछि पनि रक्तस्राव हुनु ।
- योनिबाट बढि मात्रामा सेतो पानी बग्नु ।
- शारीरिक सम्बन्धको समयमा दुखाई हुनु ।
- शारीरिक सम्बन्धपछि रगत बग्नु ।
- तल्लो पेट, ढाड वा कम्मर दुख्नु ।
- पिसाब गर्दा दुख्नु वा रगत देखिनु ।
- शरीर कमजोर हुनु ।

*यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं ।*

**मेचीनगर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
मेचीनगर (झापा)

### डढेलोबाट जोगिऔं र जोगाऔं

- सुख्खायाम तथा पतझरको समयमा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

**डढेलोबाट जोगिन**

- जथाभावीरूपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- चुरोट, विडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलोविरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं,
- डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔं,

*वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं ।*

**डिभिजन वन कार्यालय**
भद्रपुर (झापा)

### स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सूर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र !

**बुद्धशान्ति गाउँपालिका**
वडा नं. ५ को कार्यालय, बुधबारे (झापा)